संघीय संसद

# प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

## बैठक संख्या-५

मितिः-२०८०/०३/२४ गते आइतबार

## निर्णयहरु

१. समितिको आजको बैठकमा समितिले अघिल्लो कार्यकालमा सरकारका विभिन्न निकायलाई दिएका मुख्य-मुख्य निर्देशनको सम्बन्धमा समितिमा जानकारी गराउनु पर्ने र आगामी दिनमा समितिले कार्य सञ्चालन गर्दा भ्रष्ट्राचार नियन्त्रण गरी सुशासन कायम गर्ने सम्वन्धमा समितिबाट दिईएका निर्देशन कार्यान्वयन भएनभएको विषयमा निरन्तर अनुगमन गरी कार्यान्वयन गर्न गराउने विषयलाई प्राथमिकता दिई अगाडि बढ्नुपर्ने सम्बन्धमा माननीय सदस्यहरुले आ-आफ्नो धारणा राखुभयो ।

२. मिति २०८०।२।१७ मा गठित आन्तरिक कार्यविधि मस्यौदा उपसमितिका संयोजक माननीय श्री राजेन्द्र कुमार के. सी. ले उपसमितिको मस्यौदा प्रतिवेदन समितिमा पेश गर्नुभयो । उक्त प्रतिवेदनमाथि माननीय सदस्यहरुले आ- आफ्नो धारणा राख्दै सो प्रतिवेदनलाई विस्तृत रुपमा अध्ययन गरी समितिको आगामी बैठकमा पारित गर्ने निर्णय भयो ।